## निर्वाचन आयोगको

### सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बर्दिया निर्वाचन क्षेत्रबाट निर्वाचित राष्ट्रिय पञ्चायतको सदस्यको रिक्त पद पूर्ति गर्न उप-निर्वाचनको लागि निर्वाचन आयोगले बर्दिया जिल्लाका जिल्ला न्यायाधीश श्री शिवप्रसाद भेलेलाई निर्वाचन अधिकृत नियुक्त गरेको छ।

आज्ञाले,
रेखबहादुर भट्टराई
का. मु. सचिव
निर्वाचन आयोग

---

## निर्वाचन आयोगको

### सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उपदफा (३) को प्रयोजनको लागि निर्वाचन आयोगले बर्दिया निर्वाचन क्षेत्रबाट निर्वाचित राष्ट्रिय पञ्चायतको सदस्यको रिक्त पद पूर्ति गर्नको लागि हुने उप-निर्वाचनमा बर्दिया निर्वाचन क्षेत्रमा रहने मतदान केन्द्रहरूको स्थान तोक्न बर्दिया निर्वाचन क्षेत्रका निर्वाचन अधिकृत श्री शिवप्रसाद भेलेलाई अधिकार प्रत्यायोजन गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
रेखबहादुर भट्टराई
का. मु. सचिव
निर्वाचन आयोग

---

## भूलसुधार

नेपाल राजपत्र भाग ४ खण्ड ३२ मिति कार्तिक १५ गते २०३९ साल संख्या २८ को पृष्ठ १५ मा प्रकाशित यस आयोगको पहिलो सूचनामा राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उपदफा (३) हुनुपर्नेमा दफा ८ को उपदफा (२) हुन गएकोले भूलसुधार गरिएको छ।

निर्वाचन आयोग

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।